जनताको विश्व स्वास्थ्य भेला– २००० बाट पारित

# जनताको स्वास्थ्य वडापत्र

(डिसेम्बर– ४–८, २००० ढाका, बंगलादेश)



# People's Health Charter- 2000

(Dec 4- 8, 2000, Dhaka, Bangaladesh)

*विश्वका ९० भन्दा बढी मुलुकका करिब २५०० प्रतिनिधिहरू सहभागी भई सन् २००० डिसेम्बर ४–८ मा बंगलादेशको साभार, ढाकामा सम्पन्न जनताको विश्व स्वास्थ्य भेला– २००० बाट पारित People's Health Charter को भावानुवाद ।*

# जनताको स्वास्थ्य वडापत्र

## प्रस्तावना

स्वास्थ्य सामाजिक, आर्थिक र राजनीतिक विषयवस्तु मात्र नभई मुलतः मानवको मौलिक अधिकार हो । असमानता, गरिवी, शोषण, हिंसा र अन्याय नै गरिव तथा उपेक्षीत अर्थात् समाजको मूलधारबाट बाहिरिन बाध्य भएका (marginalised) व्यक्तिहरूका अस्वस्थता र मृत्युहरूको जड-कारणहरू हुन् । 'सबैको लागि स्वास्थ्य' साकार पार्न शक्तिसम्पन्न स्वार्थहरूलाई चुनौती दिइनुपर्छ, विश्वव्यापीकरणको विरोध गरिनु पर्छ र विद्यमान राजनीतिक र आर्थिक प्राथमिकताहरूमा आमूल परिवर्तन गरिनु पर्दछ ।

यो वडापत्र पहिले कहिल्यै आवाजहरू नसुनिएका वा कमै मात्रामा सुनिएका मानिसहरूको परिप्रेक्ष्यमा तयार गरिएको छ । यसले जनतालाई आफ्नो समस्या आफै समाधान गर्न र स्थानीय पदाधिकारीहरू, राष्ट्रिय सरकारहरू, अन्तर्राष्ट्रिय संघसंस्थाहरू र निगमहरूलाई जनताप्रति जिम्मेवार बनाउन प्रोत्साहित गर्दछ ।

## पूर्वसोच

समता (Equity), पर्यावरणीय, दिगो विकास र शान्ति, समुन्नत विश्व-निर्माण हाम्रो पूर्वसोचको आत्मा हो । त्यस्तो विश्व जहाँ सबैको निमित्त स्वस्थ जीवन यथार्थ हुनेछ; जहाँ सबै जीव र विविधताको सम्मान, सह्राना गर्न र त्यसलाई प्रस्तुत गर्न सकिनेछ; जहाँ जनताहरूले एक-आपसमा आफ्ना प्रतिभा र क्षमतालाई प्रस्फूटन गर्न सक्नेछन्, र जहाँ हाम्रा जीवनलाई प्रभाव पार्ने निर्णयहरू जनताका आवाजहरूद्वारा मार्गनिर्देशित हुनेछन् ।

उपरोक्त हाम्रा पूर्वसोच साकार बनाउन यथेष्ट स्रोतहरू हाम्रो अगाडि अहिल्यै मौजुद छन् ।

# वर्तमान स्वास्थ्य संकट

"रोग र मृत्यूले प्रत्येक दिन हामीलाई क्रोधित तुल्याउँछ । यस कारण होइन कि मानिसहरू विरामी हुन्छन् वा मर्छन् । हामी यसकारण क्रोधित छौं कि धेरै रोगहरू र मृत्यूका जराहरू हामीमाथि थोपरिएका आर्थिक र सामाजिक नीतिहरूमा गाडिएका छन् ।

*– मध्यअमेरिकाबाट उठेको एउटा आवाज*

हालका दशकहरूमा आएका विश्वव्यापी आर्थिक परिवर्तनहरूले जनताको स्वास्थ्य र उनीहरूको स्वास्थ सेवा र अन्य सामाजिक सेवाहरू माथिको पहुँचलाई गम्भिर रूपले असर पुऱ्याएका छन् ।

विश्वमा विपूल सम्पत्ति हुँदा हुँदै पनि गरिवी र भोकमरी बढ्दो छ । राष्ट्र-राष्ट्रहरूबीच, सामाजिक वर्गहरूबीच, पुरुष र महिलाबीच तथा युवा र वृद्धबीच असमानताहरूमा वृद्धि हुनुका साथसाथै धनी र गरिव राष्ट्रबीचको खाडल पनि बढ्दो छ । विश्व जनसंख्याको ठूलो हिस्सा अझ पनि खाद्यान्न, शिक्षा, सुरक्षित पिउने पानी, सरसफाई, आवास, जमिन र त्यसलाई चाहिने स्रोत-साधनहरू, रोजगारी र स्वास्थ्य सेवा सुविधा माथिको पहुँचबाट बंचित छन् । भेदभाव निरन्तर बढ्दो छ । यसले रोग लाग्ने सम्भावनामा र स्वास्थ्य सेवा माथिको पहुँच दुबैमा असर गर्दछ ।

पृथ्वीको प्राकृतिक स्रोतहरू भयावह रूपमा रित्तिईरहेका छन् । यसै कारणबाट खस्किइरहेको पर्यावरणले सबैको स्वास्थ्य माथि, अझ विशेषगरी गरिवहरूको स्वास्थ्य माथि नराम्रो चुनौती दिईरहेको छ । एकातिर नयाँ द्वन्द्वहरूमा वृद्धि भएको छ भने अर्कोतर्फ आम विनाशकारी हातहतियारहरूले अझै बढि संत्राश पैदा गरिरहेका छन् ।

विश्वको स्रोत दिन प्रतिदिन आफ्नो निजी लाभलाई अधिकतम बनाउन चाहने सीमित हातहरूमा केन्द्रित हुँदैछ । नवउदार राजनीतिक र आर्थिक नीतिहरू शक्तिशाली राष्ट्रहरूको सानो जमातले र विश्व बैंक, अन्तर्राष्ट्रिय

मुद्रा कोष र विश्व व्यापार संगठन जस्ता अन्तर्राष्ट्रिय आर्थिक संस्थाहरूले बनाएकाछन् । बहुराष्ट्रिय निगमहरूका अनियन्त्रित गतिविधिहरूका साथै यी नीतिहरूले उत्तर र दक्षिण दुवैतर्फका जनताको जीवन, जीविका, स्वास्थ्य र समृद्धि माथि गहिरो असर पारिरहेका छन् ।

सार्वजनिक सेवा सुविधाहरूले जनताका आवश्यकताहरू पूरा गर्न नसकिरहेका कारण यी सेवाहरूको विग्रंदो स्थितिले होइन कि सरकारहरूले सामाजिक क्षेत्रहरूमा गरेको बजेट कटौतीका कारणले हो । स्वास्थ्य सुविधा अझ कम प्राप्य, अझ बढी असमान रूपले वितरित र अझ बढी अनुपयुक्त बन्दै गइरहेको छ ।

निजीकरणले स्वास्थ्य सेवा माथिको पहुँचमा अझ कमी ल्याउन र समताका आवश्यक सिद्धान्तहरूलाई तिलान्जली दिन चुनौती दिइरहेको छ । रोकथाम गर्न सकिने अस्वस्थता (ill health) हरू बढी रहनु, क्षयरोग र औलो जस्ता रोगहरूको पुनरागमन हुनु र एच.आई.भीं/एड्स जस्ता रोगहरूको प्रादुर्भाव हुनु र फैलनु जस्ता कुराहरू समता र न्यायका सिद्धान्तहरू प्रति विश्वको प्रतिवद्धताको कमीलाई औंल्याउने बलिया सूचकहरू हुन् ।

## जनताको स्वास्थ्य वडापत्रका सिद्धान्तहरू

- रङ्ग, जातीय पृष्ठभूमि, धर्म, लिंग, उमेर, क्षमता, लैङ्गिक अवधारणा र वर्गको विनाभेदभाव सम्भव भएसम्म सबैभन्दा स्तरीय स्वास्थ्य र समुन्नती (well-being) प्राप्त गर्न पाउनु प्रत्यक मानवको मौलिक अधिकार हो ।
- अल्मा-आटा घोषणा- १९७८ ले निर्दिष्ट गरेका सर्वव्यापी र समग्र प्राथमिक स्वास्थ्य सेवाका सिद्धान्तहरू स्वास्थ्य सम्बन्धी नीति-निर्माणको आधार बन्नु पर्दछ । स्वास्थ्य र स्वास्थ्य सेवामा पहिले भन्दा बढी वर्तमानमा समतामूलक, सहभागीतामूलक, सक्रिय र सर्वपक्षीय सरोकारको आवश्यकता छ ।

- जनताको तिर्न सक्ने क्षमता अनुसार हैन उनीहरूको आवश्यकता अनुरूप स्वास्थ्य सेवा, शिक्षा र अन्य सामाजिक सेवा सुविधाहरूमा उनीहरूको सर्वव्यापी पहुँच सुनिश्चित गर्नु सरकारको आधारभूत दायित्व हो ।
- स्वास्थ्य र सामाजिक नीति-निर्माण, कार्यान्वयन र मूल्याङ्कनमा जनता र जनताका संगठनहरूको सहभागीता अपरिहार्य हुन्छ ।
- स्वास्थ्य प्रमुखत: राजनीतिक, आर्थिक, सामाजिक र भौतिक वातावरणद्वारा निर्धारित हुने हुँदा, समता र दिगो विकाससँगै यसले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति-निर्धारणमा उच्च प्राथमिकता पाउनु पर्छ ।

## कामकार्यवाहीका निम्ति आह्वान

विश्वव्यापी स्वास्थ्य संकटको सामना गर्न हामीले व्यक्तिगत, सामुदायिक, राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी सबै तहमा र सबै क्षेत्रमा कार्यवाही गर्न आवश्यक छ । निम्न मागहरू उपरोक्त कार्यवाहीका लागि हुन् :

## स्वास्थ्य मानवअधिकारको रूपमा

*स्वास्थ्य समता र न्याय प्रतिको सामाजिक प्रतिवद्धताको प्रतिविम्व हो । स्वास्थ्य मानवअधिकारको विषय भएकोले आर्थिक र राजनीतिक चासो माथि यो हावी हुनु पर्दछ ।*

**यो वडापत्र विश्व जनता समक्ष आह्वान गर्दछ :**

- स्वास्थ्य अधिकारको निमित्त सबै प्रयासहरूमा सहभागी भई समर्थन गरौं ।
- सरकारहरू र अन्तर्राष्ट्रिय संघसंस्थाहरू समक्ष स्वास्थ्यलाई अधिकारका रूपमा सम्मान गर्ने नीतिहरूको पुनतर्जुमागरी कार्यान्वयन गर्न र सुदृढ गर्न माग गरौं ।

- स्वास्थ्य र मानवअधिकारलाई राष्ट्रिय संविधानहरू र कानूनहरूमा अङ्गिकृत गर्न सरकारहरूलाई दवाव दिन व्यापक जनआन्दोलनहरूको सञ्चालन गरौं ।
- नाफाको उद्देश्यले जनताको स्वास्थ्य आवश्यकता माथि हुने शोषण विरुद्ध संघर्ष गरौं ।

## बहुआयामिक स्वास्थ्य निर्धारकहरूको समाधान

**आर्थिक चुनौतीहरू :**

*जनताको स्वास्थ्यमा अर्थतन्त्रको गहिरो प्रभाव हुन्छ । समता, स्वास्थ्य र सामाजिक संवृद्धिलाई प्राथमिकता दिने आर्थिक नीतिहरूले जनताको स्वास्थ्य सँगसँगै अर्थतन्त्रमा नै सुधार ल्याउन सक्छन् ।*

*राष्ट्रिय सरकारहरू र अन्तर्राष्ट्रिय संघसंस्थाहरूद्वारा थोपरिएको मुख्यत: पुँजीवादी आवश्यकता अनुकुल राजनीतिक, वित्तिय, कृषि र औद्योगिक नीतिहरूले जनतालाई उनीहरूको जीवन र जीविकाबाट विमुख बनाउछन् । आर्थिक विश्वव्यापीकरण र उदारिकरण प्रक्रियाहरूले राष्ट्र-राष्ट्रबीच र राष्ट्रका जनताहरू भित्रै असमानतालाई बढाएका छन् ।*

*विश्वका धेरै मुलुकहरू विशेषगरी शक्तिशाली देशहरू आफ्नो स्थितिलाई सुदृढ पार्न र विस्तार गर्न आर्थिक नाकावन्दी र सैनिक हस्तक्षेपहरू लगायत अन्य स्रोतहरूको प्रयोग गरिरहेका छन् जसबाट जनजीवन भयावहरूपमा अस्तव्यस्त भइरहेको छ ।*

**यो वडापत्र विश्व जनता समक्ष आह्वान गर्दछ :**

- विश्व व्यापार संगठन (WTO) र विश्वव्यापार व्यवस्थाको आमूल परिवर्तनको माग गरौं ताकि यिनीहरूले जनताका सामाजिक, वातावरणीय, आर्थिक

र स्वास्थ्य अधिकार हनन् गर्ने सिलसिलालाई अन्त्य गर्न सकुन् र दक्षिणका विपन्न राष्ट्रहरूको पक्षमा सकारात्मक ग्राह्यता दिने परम्पराको सुरुवात गरुन् । जनस्वास्थ्यको संरक्षणको लागि, यस्तो परिवर्तन भित्र पेटेण्ट र व्यापारसँग सम्बन्धित बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी सम्झौता (TRIPS) जस्ता बौद्धिक सम्पत्ति संसाधनहरूको परिमार्जन हुनुपर्छ ।

- तेस्रो विश्व माथिको ऋण रद्ध गर्ने माग गर्न ।
- विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले विकासशील देशको अधिकार र हितलाई प्रतिविम्वित गर्नेगरी सक्रिय प्रवर्द्धन गर्न आफू भित्र आमूल परिवर्तन ल्याउने माग गर्न ।
- अन्तरर्राष्ट्रिय व्यापारिक निगमहरूले जनताको स्वास्थ्यमाथि नकारात्मक असर पार्ने, जनताको श्रमशक्तीको शोषण गर्ने, वातावरण विनास गर्ने वा राष्ट्रिय सार्वभौमिकता माथि चोट पुऱ्याउने सिलसिला रोक्न प्रभावकारी विधि-विधान बनाउन् भन्ने माग गर्न ।
- खाद्यान्न सुरक्षा र खाद्यान्न माथि समतामूलक पहुँच सुनिश्चित गर्न सरकारहरूले बजारको माग अनुरूप होइन जनताका आवश्यकता अनुरूपका कृषि नीतिहरू लागू गरुन् भनी सुनिश्चित गर्न ।
- जनताका स्वास्थ्य अधिकारलाई बौद्धिक सम्पत्ति कानून भित्र सुरक्षित गर्न राष्ट्रिय सरकारहरूसँग माग गर्न ।
- अन्तर्राष्ट्रिय सट्टावाजी पूँजी प्रवाह (Speculative International Capital flow) लाई नियन्त्रण गर्न र कर लगाउन माग गर्न ।
- स्वास्थ्य, समता, लैङ्गिक र वातावरणीय असरहरूको मूल्याङ्कन गरेपछि मात्र सबै आर्थिक नीतिहरू निर्धारण गर्न र तिनीहरूको पालनालाई सुनिश्चित गर्न लागू गर्नसकिने-विधिविधानहरूको विकास गर्न जोड दिन ।

- वृद्धि-केन्द्रीत आर्थिक सिद्धान्तहरूलाई चुनौती दिन मानविय र दिगो समाज निर्माण गर्ने विकल्पहरू प्रतिस्थापन गर्न । आर्थिक सिद्धान्तहरूले वातावरणीय सीमा, स्वास्थ्य र समताको आधारभूत महत्व, वेठवेगारी (ज्यालारहित श्रम) र मान्यता नदिइरहेको महिलाको कामलाई मान्यता दिनु पर्दछ ।

## सामाजिक र राजनैतिक चुनौतीहरू

समग्र सामाजिक नीतिहरूले जनताको जीवन र जीविकामा सकारात्मक असर पार्छ । आर्थिक विश्वव्यापीकरण र निजीकरणले व्यापकरूपमा समुदायहरू, परिवारहरू र संस्कृतिहरूलाई विथोलेको र विस्थापीत गरेको छ । महिलाहरू सर्वत्र समाजको अभिन्न कडिको रूपमा सामाजिक उत्थानमा सरीक भैरहेपनि उनीहरूका आवश्यकताहरूलाई वेवास्ता वा वन्चित गरिन्छ र उनीहरूको अधिकार र पहिचानको हनन् भइरहन्छ ।

सार्वजनिक संस्थानहरूलाई उपेक्षा गरिएको र कमजोर बनाइएको छ । तिनीहरूका धेरैजसो दायीत्वहरूलाई निजी क्षेत्रमा विशेषगरी जनताप्रति जवाफदेही नभएको वा कमै मात्रामा भएका निगमहरू वा अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थानहरूमा सारिएको छ । अझ अगाडि बढेर राजनीतिक दलहरू र मजदुर युनियनहरूको शक्तिमा गम्भीर कटौती गर्ने क्रम बढ्दो छ भने रुढिवादी र पुरातनशक्ति पनि बढ्दो छ । राजनैतिक संगठन र नागरिक संरचनाभित्र सहभागीतामूलक प्रजातन्त्र फस्टाउनु पर्छ । सर्वत्र पारदर्शीता र जवाफदेहीता फस्टाउन दिनु अपरिहार्य बनिसकेको छ ।

**यो वडापत्र विश्व जनता समक्ष आह्वान गर्दछ :**

- जनताको पूर्ण सहभागीता सहितका समग्र सामाजिक नीतिहरूको विकास र कार्यान्वयनको माग गर्न र समर्थन गर्न ।

- सम्पूर्ण महिला र पुरुषहरूले समान रूपले काम, जिविकोपार्जन, अभिव्यक्ति स्वतन्त्रता, राजनैतिक सहभागीता, धार्मिक स्वतन्त्रता, शिक्षा प्राप्ति र हिंसाबाट मुक्ति पाउने अधिकारहरू सुनिश्चित गर्न ।

- समाजको मूल धारबाट बाहिरिन बाध्य भएका समुहहरूको शारीरिक, मानसिक र आत्मिक स्वास्थ्य र मानवअधिकार सुरक्षित गर्न र त्यसका लागि आवश्यक नियम-कानूनको निर्माण गरी लागू गर्न सरकारहरूलाई दवाव दिन ।

- शिक्षा र स्वास्थ्यलाई राजनैतिक कार्य-सूचिको सबैभन्दा माथि राख्न माग गर्न । यसले सबै बालबालिका वयस्क र विशेषगरी बालिका र महिलाहरूको लागि नि:शुल्क र अनिवार्य गुणात्मक शिक्षाको व्यवस्था गर्न दवाव दिनुका साथै पूर्व बालककाल (early childhood) को लागि गुणात्मक शिक्षा र हेरचाहको निमित्त पनि आह्वान गर्दछ ।

- सार्वजनिक संस्थाहरूका बाल सेवा सुविधा, खाद्यान्न वितरण प्रणाली र आवासको प्रावधान जस्ता गतिविधीहरूले व्यक्ति र समुदायको स्वास्थ्यमा लाभ पुऱ्याउनु पर्छ भनि माग गर्न ।

- मानिसलाई आफ्नो जमिन, घर र कामबाट बलपूर्वक विस्थापन गर्ने कुनै पनि नीतिको भर्त्सना गर्न र तिनीहरूलाई उल्टयाइ सच्चाउन लगाउन ।

- व्यक्तिका अधिकार र स्वतन्त्रता विशेषगरी महिला, बालबालिका र अल्पसंख्यक जातिहरूका जीवनमाथि संकट सृजना गर्नसक्ने कट्टरपन्थी शक्तिहरूको विरोध गर्न ।

- विश्वव्यापी यौन पर्यटन र चेलिबेटी तथा बालबालिकाको बेचबिखनको विरोध गर्न ।

# वातावरणीय चुनौतीहरू

*जल र वायु प्रदूषण, हावापानीमा भइरहेका द्रुत परिवर्तन, ओजन तहको क्षयीकरण, आणविक शक्ति र यसबाट पैदा हुने फोहोर, विषालु रसायनिक पदार्थ र किटनाशक औषधिहरू, जैविक विविधतामा क्षय, वन विनास र भुक्षयले जनताको स्वास्थ्यमा दुरगामी असरहरू पारेका हुन्छन् । यी सबै विनासहरूको जड-कारणहरू, धान्नै नसकिने किसिमको प्रकृतिको शोषण, दुरगामी-समग्र दृष्टिकोणको कमी, व्यक्तिवादी र अधिक नाफा आर्जन गर्ने प्रवृत्तिको विस्तार र धनीहरूद्वारा अधिक खपत गर्नु हुन् । यो विनासको प्रभावकारी सामना तुरुन्तै गरिनु पर्छ र तिनीहरूलाई उल्टयाइ सच्याउनु पर्छ ।*

**यो वडापत्र विश्व जनता समक्ष आह्वान गर्दछ :**

- बहुराष्ट्रिय र राष्ट्रिय निगमहरू, सार्वजनिक संस्थाहरू र सैनिक संयन्त्रहरूलाई वातावरण र जनताको स्वास्थ्यमा असर गर्ने विनासक र हानिकारक गतिविधिका लागि जिम्मेवार ठहऱ्याउन ।
- सबै विकास परियोजनाहरू स्वास्थ्य र वातावरणमा पार्नसक्ने प्रतिफलका आधारमा मूल्याङ्कन गर्न र वातावरणीय स्तर र स्वास्थ्यमा खतरा निम्त्याउने प्रविधिहरू वा नीतिहरूको विरुद्ध तत्काल चेतावनी दिन र तिनीहरूको नियन्त्रणका लागि माग गर्न (पूर्व-सावधानीका सिद्धान्त अनुरूप) ।
- सबै सरकारहरूसँग आफ्ना इलाकाहरूमा हरीतगृह ग्यासहरूको न्युनिकरण गर्न अन्तर्राष्ट्रिय हावापानी परिवर्तन सम्बन्धी सम्झौता (International Climate Change Agreement) ले अघि सारेका भन्दा कडा प्रावधानहरू लागू गर्ने प्रतिवद्धता तुरुन्तै जाहेर गर्न र खतराजन्य तथा अनुपयुक्त प्रविधि र क्रियापलापहरूबाट सशक्तरूपले पन्छिन माग गर्न ।

- हानिकारक उद्योगहरू र विषालु तथा विकिरणयुक्त फोहोर गरिब राष्ट्रहरू र मुलधारबाट बाहिरिन बाध्य या उपेक्षित समुदायमा सार्ने कार्यको विरोध गर्न र फोहोर निस्कासन कम गर्ने समाधानमुलक तरिकालाई प्रोत्साहित गर्न ।
- उत्तर र दक्षिण दुवै तर्फ अधिक खपत र धान्नै नसकिने जीवनशैलीमा कमी ल्याउन । सम्पन्न औद्योगिक राष्ट्रहरूलाई आफ्नो स्रोतखपत र प्रदुषणमा ९० प्रतिशतले कमी ल्याउन दवाव दिन ।
- काम गर्ने वातावरणको व्यवसायी स्वास्थ्य र सुरक्षा सुनिश्चित गर्दै श्रमिक केन्द्रीत-अनुगमन प्रणालीको माग गर्न ।
- कार्यथलो, समुदाय र परिवारमा हुने दुर्घटना र चोटपटकबाट जोगिने प्रावधानको माग गर्न ।
- जीवन माथि पेटेण्ट अधिकारलाई अस्विकार गर्न र परम्परागत ज्ञान र स्रोतहरूको जैविक प्रविधिको डकैतीको विरोध गर्न ।
- जनता केन्द्रीत, समुदायमा आधारित, वातावरण र सामाजिक प्रगतिका सूचकहरू विकास गर्न र वातावरणीय क्षय र जनस्वास्थ्यको स्तर मापकहरूको नियमित लेखाजोखा प्रणालीको विकास गर्न र लागू गर्न दवाव दिन ।

## युद्ध, हिंसा, द्वन्द्व र प्राकृतिक प्रकोपहरू

युद्ध, हिंसा, द्वन्द्व र प्राकृतिक प्रकोपहरूले समुदायहरूलाई ध्वंस गर्दछ र मानवीय आत्मसम्मानमा ह्रास ल्याउँछ । यिनीहरूले समुदायका सदस्यहरू विशेषगरी महिला र बालबालिकाको शारीरिक वा मानसिक स्वास्थ्यमा घातक असर पार्दछन् । बढ्दो हातहतियारहरूको आपुर्ति र विश्वव्यापी हातहतियारको खरिद बिक्रीमा हुने खुंखार र भ्रष्ट गतिविधिहरूले सामाजिक, राजनैतिक र आर्थिक स्थायित्वलाई र सामाजिक क्षेत्रलाई छुट्याइने स्रोतलाई न्युनिकृत गर्दै खलबल्याउँदै लान्छ ।

**यो वडापत्र विश्व जनता समक्ष आह्वान गर्दछ :**

- शान्ति र निशस्त्रिकरण अभियान र आन्दोलनहरूलाई समर्थन गर्न ।
- विदेशी अतिक्रमण विरोधी अभियानको समर्थन गर्दै वारुदी सुरुङ लगायतका सबै प्रकारका आम विनासकारी तथा अन्य हातहतियार विकासको लागि गरिने अनुसन्धान, परीक्षण र प्रयोग विरोधी अभियानलाई साथ दिन ।
- न्यायपूर्ण र दिगो शान्तिका लागि विशेषगरी गृहयुद्ध र आमहत्याको अनुभव गर्नुपरेका देशहरूमा जनताका पहलकदमीहरूको समर्थन गर्न ।
- बाल सैनिकहरूको प्रयोग र महिला र बालबालिका माथिको दुर्व्यवहार, बलात्कार, यातना र उनिहरूको हत्याको भर्त्सना गर्न ।
- विदेशी हस्तक्षेप र कब्जालाई मानवीय आत्मसम्मान विरुद्धको अत्यन्तै ध्वंसात्मक नियत मानी यसको अन्तको माग गर्न ।
- मानविय उद्धार कार्यहरूमा भएका र हुने सैनिकिकरणको विरोध गर्न ।
- संयुक्त राष्ट्र संघ सुरक्षा परिषदले प्रजातान्त्रीक ढंगले काम गर्न सकोस् भनि त्यसको आमूल परिवर्तनको माग गर्न ।
- राष्ट्रसंघ वा अन्य कुनै देशले अतिक्रमणको औजारका रूपमा प्रयोग गर्ने गरिएका नागरिकहरूको स्वास्थ्यमा हानी पुऱ्याउन सक्ने सबै प्रकारका नाकाबन्दीलाई बन्द गरुन् भनि माग गर्न ।
- गाउँ, टोलहरू, समुदायहरू र शहरी क्षेत्रलाई शान्ती र हातहतियाररहित क्षेत्र घोषणा गर्ने स्वतन्त्र र जनआधारित पहलकदमीहरूलाई समर्थन गर्न ।
- हिंसात्मक बानी व्यहोरा (विशेषगरी पुरुषहरूमा) रोक्न अथवा कम गर्न र शान्तीपूर्ण सहअस्तित्वको संस्कृतिलाई स्थापना गर्न र प्रवर्द्धन गर्न चलाइने अभियानहरू र कार्यहरूको समर्थन गर्न ।
- प्राकृतिक प्रकोपहरू रोकथाम गर्ने अभियान र कार्यहरूको समर्थन गर्न र त्यसबाट हुने मानव पीडा कम गर्न ।

# जनकेन्द्रीत स्वास्थ्य क्षेत्र

*यो वडापत्र जनताको तिर्न सक्ने क्षमतामा आधारित हुनु नपर्ने सर्वव्यापी र समग्र प्राथमिक स्वास्थ्य सेवा व्यवस्थाको आह्वान गर्दछ। यसलाई प्राप्त गर्न पर्याप्त स्रोतयुक्त स्वास्थ्य सेवा प्रजातान्त्रिक र उत्तरदायीत्वपूर्ण हुनुपर्छ।*

**यो वडापत्र विश्व जनता समक्ष आह्वान गर्दछ :**

- स्वास्थ्य सेवालाई निजिकरण गरी त्यसलाई उपभोग्य बस्तुमा परिणत गर्ने राष्ट्रिय अन्तर्राष्ट्रिय नीतिहरूको विरोध गर्न।
- समग्र प्राथमिक स्वास्थ्य सेवालाई जनताको स्वास्थ्य समस्याहरू समाधान गर्ने सबैभन्दा प्रभावकारी उपाय मानेर त्यसको प्रवर्द्धन गर्न, त्यसमा लगानी गर्न र त्यसलाई निशुल्क र आम पहुँच साथ उपलब्ध गराउन सार्वजनिक स्वास्थ्य सेवालाई सुदृढ पार्न सरकारसँग माग गर्न।
- सरकारहरूलाई राष्ट्रिय स्वास्थ्य तथा औषधी नीति ग्रहण गर्न, कार्यान्वयन र सुदृढिकरण गर्न दवाव दिन।
- जनस्वास्थ्य सेवामा निजीकरणको विरोध गर्न र दातव्य लोककल्याणकारी र गैह्रसरकारी संस्था अन्तर्गतका स्वास्थ्य सेवा लगायतका निजी स्वास्थ्य क्षेत्रको प्रभावकारी अनुगमन र नियमित गर्न सरकारहरूसँग माग गर्न।
- विश्व स्वास्थ्य संगठनले गरिबको हित उन्मुख हुन, एकल कार्यक्रमहरूलाई पन्छयाउने, क्षेत्रगत (Intersectoral) कार्यहरू सुनिश्चित गर्ने, विश्व स्वास्थ्य सभामा जनताका संगठनहरूलाई सामेल गर्ने र वित्तिय निगमका स्वार्थबाट स्वतन्त्र हुने स्वास्थ्य चुनौतीको सामना गर्न सक्नेगरि विश्व स्वास्थ्य संगठनको आमूल परिवर्तनको माग गर्न।
- विरामीको र उपभोक्ताको अधिकार लगायत स्वास्थ्यका सबै तहका निर्णय

प्रक्रियामा जन-नियन्त्रण र जन-सशक्तिकरणका लागि प्रोत्साहन दिने कार्यहरूमा सहभागी बन्न र जनशक्तिलाई समर्थन गर्न ।

- परम्परागत तथा समग्र उपचार विधिलाई र परम्परागत स्वास्थ्यकर्मीलाई मान्यता प्रदान गर्न, प्रवर्द्धन गर्न तथा तिनलाई प्राथमिक स्वास्थ्य सेवामा एकिकृत गर्न ।
- स्वास्थ्यकर्मीहरू समस्यामूलक र अभ्यास आधारीत बनुन्, आफ्नो समुदायमा विश्वव्यापी विषयवस्तुले पार्नसक्ने असरहरू बुझ्न, समुदायसँग मिलेर काम गर्न र समुदायमा रहेको विविधतालाई सम्मान गर्न उत्साहित बनुन् भनि उनिहरूको तालिममा परिवर्तन ल्याउन माग गर्न ।
- चिकित्सा र स्वास्थ्य प्रविधिलाई रहस्यविहिन (demystify) बनाउन र तिनीहरूलाई जनताका स्वास्थ्य आवश्यकता उन्मुख गर्न माग गर्न ।
- वंशाणु अनुसन्धान एवं औषधी र प्रजनन् प्रविधि विकास-निर्माण लगायतका स्वास्थ्य अनुसन्धानलाई जिम्मेवार संस्थाहरूबाट सहभागीमूलक र आवश्यकता आधारित गरिनु पर्ने माग गर्न । यस्ता अनुसन्धानहरूले सर्वमान्य नैतिक सिद्धान्तहरूलाई सम्मान गर्दै जन तथा सार्वजनिक स्वास्थ्य उन्मुख हुनुपर्छ ।
- मानव प्रजनन् र यौन सम्बन्धित आत्मनिर्णयको अधिकारलाई समर्थन गर्न र करकापमा गरिने जनसंख्या तथा परिवार नियोजनका उपायहरूको विरोध गर्न पाउने जनअधिकारको समर्थन गर्न । यस समर्थन भित्र सबै सुरक्षीत र प्रभावकारी प्रजनन नियन्त्रण गर्ने संसाधनहरू उपयोग गर्न पाउने अधिकार समाहित हुनुपर्छ ।

## स्वस्थ विश्वको लागि जनसहभागीता

निर्णय प्रकृयालाई अझ प्रजातान्त्रिक, पारदर्शी र जवाफदेहीपूर्ण बनाउन सबल जनसंगठनहरू र आन्दोलनहरू अपरिहार्य हुन्छन् । जनताका नागरिक,

राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरू सुनिश्चित गर्न आवश्यक हुन्छ। स्वास्थ्य र मानव अधिकारमा समतामूलक पहुँचलाई सुनिश्चित गर्नुपर्ने प्राथमिक जिम्मेवारी सरकारहरूको हो भने नागरिक समाजहरू र आन्दोलनहरू तथा संचार क्षेत्रले जनताको शक्ति सुनिश्चित गर्न, नीति निर्माणमा सहभागी भई नियन्त्रण गर्न र तिनको कार्यान्वयनको अनुगमन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

**यो वडापत्र विश्व जनता समक्ष आह्वान गर्दछ :**

- विश्लेषण र कार्य आधार निर्माण गर्नका लागि जनताका संगठनहरू निर्माण गर्न र सुदृढ बनाउन।
- जनतालाई सबै तहका सार्वजनिक सेवाका निर्णय प्रक्रियामा सहभागी बनाउने क्रियाकलापहरूको प्रोत्साहन गर्न र समर्थन गर्न।
- स्वास्थ्यसँग सम्बन्धित सबै स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चहरूमा जनताका संगठनहरूको प्रतिनिधित्वको माग गर्न।
- विश्वभर जनता केन्द्रीत ऐक्यवद्धताको कार्यसंयन्त्र निर्माण गरि सहभागीतामूलक प्रजातन्त्रका लागि गरिएका प्रयासहरूको समर्थन गर्न।

## जनताको विश्व स्वास्थ्य भेला र वडापत्र

जनताको स्वास्थ्य भेलाबारे एक दशक भन्दा बढी समय छलफल गरियो। १९९८ मा केही संगठनहरू मिलेर पि.एच.ए प्रक्रियाको थालनी र सन् २००० को अन्त्यमा बंगलादेशमा एउटा वृहत्त जनताको विश्व स्वास्थ्य भेला २००० आयोजना शुरुवात गरे। क्षेत्रीय कार्यशालाहरू, जनताका स्वास्थ्य सम्बन्धित कथाहरूको संकलन र "जनताको स्वास्थ्य वडापत्र" को खेस्रा तयार गर्ने जस्ता सभा पूर्व र पश्चातका गतिविधिहरूको प्रारम्भ गरियो।

यो वडापत्र विश्वभरीका नागरिकहरू र जनताका संगठनहरूका दृष्टिकोणहरू समेटेर विकाश गरिएको छ र यसलाई सर्वप्रथम सन् २००० डिसेम्बरमा बंगलादेशको साभारमु जनताको विश्व स्वास्थ्य भेला २००० बाट पारित गरि कार्यन्वयनको लागि खुला गरिएको छ ।

यो वडापत्र समुन्नत र स्वस्थ विश्व प्रतिको हाम्रो सामुहिक सरोकार र दृष्टिकोण हो र आमूल परिवर्तनकारी कार्यको निमित्त हाम्रो आह्वानको अभिव्यक्ति हो । विश्वव्यापी स्वास्थ्यआन्दोलन विकास गर्न र अन्य कार्यसंयन्त्रहरू र संयुक्त मोर्चाहरू निर्माण गर्न सघाउ पुऱ्याउनको लागि यो वडापत्र पैरवी गर्ने ठोस औजार पनि हो ।

**हामी सबै एकजुट होऔं** : वडापत्रलाई समर्थन गरौं ।

यो विश्व आन्दोलनमा हामी विश्वका सबै व्यक्तिहरू र संगठनहरूलाई सामेल हुन आह्वान गर्दछौं र यो जनताको स्वास्थ्य वडापत्रलाई समर्थन गर्न र कार्यान्वयन गर्न सहयोग पुऱ्याउन आग्रह गर्दछौं ।

**अन्य विवरणको लागि सम्पर्क गर्नुहोस् :**

**PHA Secretariat**

E-mail : phasec@pha2000.org

Web Site: WWW.pha2000.org

**विश्व स्वास्थ्य भेला २००० तयारी समिति, नेपाल**

मार्फत : **प्राथमिक स्वास्थ्य सेवा स्रोत केन्द्र**

पोष्ट बक्स नं. : ११७, बागबजार, काठमाडौं

टेलिफोन : २४३८९१, फ्याक्स : २२५६७५

e-mail : recphec@infoclub.com.np